# सानीभेरी गाउँपालिका द्वारा प्रदान गरिने अनुदान व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६

गाउँ कार्यपालिका बाट पारित मितिः२०७६।११।२१

अध्यक्षबाट प्रमाणीकरण मितिः२०७६।११।२३

**प्रस्तावनाः** सानीभेरी गाउँपालिकाभित्र रहेका सरकारी तथा गैर सरकारी क्षेत्रमा संचालित शिक्षा, स्वास्थ्य, लघु जलविद्युत, खानेपानी, सरसफाई, सिचाई, कृषि, पशुपंक्षी, मठ मन्दिर, पर्यटन, सामुदायिक वन, कबुलियती वन, जात्रा, चाडपर्व, युवा तथा खेलकुद, कलासांस्कृति,सहकारी,उद्योग,सञ्चारका साधन(एफ.एम., पत्रपत्रिका आदि) जस्ता क्षेत्रमा अनुदानको माध्यमबाट निर्माण, मर्मत, संरक्षण, स्तरउन्नति र विकासको माध्यमबाट परिवर्तन गरी छिटोछरितो, पारदर्शी, मितव्यी, व्यवस्थित एवं प्रभावकारी बनाउनका लागि सानीभेरी गाउँपालिकाबाट अनुदान रकम बिनियोजित गरी खर्च गर्नका लागि नेपालको संविधान २०७२ को अनुसूचि ८ बमोजिम स्थानीय सरकार सञ्चालन ऐन को दफा १०२  अनुसार तथा सानीभेरी गाउँपालिका सरकार सञ्चालन ऐन २०७४ को दफा ३ र ४ अनुसार यो अनुदान कार्यविधि बनाई लागू गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम सानीभेरी गाउँपालिका द्वारा प्रदान गरिने अनुदान व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ रहेको छ।

(२) यो कार्यविधि कार्यपालिका वैठकबाट पास भएको मितिदेखि गाउँपालिका भरी लागु हुनेछ।

(३) यो कार्यविधि सानीभेरी गाउँपालिका भित्रका शिक्षा, स्वास्थ्य, लघु जलविद्युत,खानेपानी, सरसफाइ, सिचाई, कृषि, पशुपंक्षी, मठ मन्दिर, पर्यटन, सामुदायिक बन, जात्रा, चाडपर्व, युवा तथा खेलकुद, कला संस्कृति, सहकारी, उद्योग, सञ्चार(एफ.एम.,पत्रपत्रिका आदि) जस्ता आदि क्षेत्रमा अनुदान प्रदान दिने प्रयोजनमा लागू हुनेछ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन "ऐन" २०७४ सम्झनुपर्छ।

(ख) "कार्यविधि" भन्नाले सानीभेरी गाउँपालिका भित्र संचालित शिक्षा, स्वास्थ्य, लघु जलविद्युत, खानेपानी, सरसफाई, सिचाई, कृषि, पशुपन्क्षी, मठमन्दिर, पर्यटन, सामुदायिक वन, जात्रा, चाडपर्व, युवा तथा खेलकुद, कला संस्कृति, सहकारी, उद्योग, सञ्चार(एफ.एम.,पत्रपत्रिका आदि) जस्ता आदि क्षेत्रमा सानीभेरि गाउँपालिका द्वारा प्रदान गरिने अनुदान व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ सम्झनुर्छ।

(ग) "गाउँपालिका" भन्नाले सानीभेरी गाउँपालिका सम्झनुपर्छ।



नरबहादुर पुन
अध्यक्ष

(घ) "कार्यपालिका" भन्नाले सानीभेरी गाउँ कार्यपालिका सम्झनुपर्छ।

(ङ) "अध्यक्ष" भन्नाले सानीभेरी गाउँपालिका अध्यक्ष सम्झनुपर्छ।

(च) " प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सानीभेरी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(छ) "शिक्षा समिति" भन्नाले सानीभेरी गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ।

(ज) "विद्यालय" भन्नाले सानीभेरी गाउँपालिका क्षेत्र भरी संचालित सम्पूर्ण सामुदायिक विद्यालयहरु सम्झनुपर्छ। सो शव्दले प्रारम्भिक बालविकास केन्द्रलाई समेत जनाउनेछ।

(झ) "लघु जलविधुत" भन्नाले सानीभेरी गाउँपालिका क्षेत्र भरी विधुत आपूर्त पुऱ्याइ रहेका संचालित लघु जलविधुत सम्झनुपर्छ।

(ञ) "स्वास्थ्य" भन्नाले सानीभेरी गाउँपालिका क्षेत्रभित्रका संचालित सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई सम्झनुपर्छ।

(ट) "खानेपानी" भन्नाले सानीभेरी गाउँपालिका भित्रका संचालित खानेपानी योजनाहरुलाई सम्झनुपर्छ।

(ठ) "सरसफाई" भन्नाले सानीभेरी गाउँपालिका भित्रका सरसफाई स्वच्छता सम्बन्धी कार्यक्रमलाई सम्झनुपर्छ।

(ड) "सिचाई" भन्नाले सानीभेरी गाउँपालिका क्षेत्र भित्रका संचालित सिचाई योजनाहरुलाई सम्झनुपर्छ।

(ढ) "कृषि" भन्नाले सानीभेरी गाउँपालिका क्षेत्र भित्रका कृषि समूह, व्यवसायिक कृषि खेती प्रणालीमा आवद्ध कृषकहरुलाई सम्झनु पर्छ।

(ण) "पशुपन्क्षी" भन्नाले सानीभेरी गाउँपालिका क्षेत्र भित्रका पशु वा कुखुरा पालन समुह व्यवसाय प्रणालीमा आवद्ध भएका कृषकहरुले पाल्ने पशुपंक्षी सम्झनुपर्छ।

(त) "मठमन्दिर" भन्नाले सानीभेरी गाउँ पालिका क्षेत्र भित्रका धार्मिक पूजा गर्ने ठाउँ वा मठमन्दिर हरुलाई सम्झनुपर्छ।

(थ) "पर्यटन" भन्नाले सानीभेरी गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय स्थलहरुलाई सम्झनुपर्छ।

(द) "सामुदायिक वन" भन्नाले सानीभेरी गाउँपालिका क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समूहहरुलाई सम्झनुपर्छ।

(ध) "कवुलियती वन" भन्नाले सानीभेरी गाउँपालिका क्षेत्रभित्रका कबुलियती वन समुहलाई सम्झनुपर्छ।

(न) "जात्रा" भन्नाले सानीभेरी गाउँपालिका भित्रका परमपरादेखि सञ्चालन हुँदै आएका मेला, पर्व, जात्रा लाई सम्झनुपर्छ।



नरबहादुर पुन
अध्यक्ष

(न) "चाडपर्व" भन्नाले सानीभेरी गाउँपालिका भित्रका सांस्कृतिक, धार्मिक,मेलापर्व, चाडपर्वहरुलाई सम्झनुपर्छ ।

(प) "खेलकुद" भन्नाले सानीभेरी गाउँपालिका भित्रका खेलकूद समितिहरुलाई संम्झनुपर्छ।

(प)"कला, संस्कृति" भन्नाले सानीभेरी गाउँपालिका भित्रका परम्परा देखि मनोरञ्जन गर्दै आइरहेका नाच, गान, बाध्य बाजनका सामग्रीहरुलाई सम्झनुपर्छ।

(फ)"निर्माण र मर्मत" भन्नाले सानीभेरी गाउँपालिका क्षेत्र भरी विकास निर्माणका सम्पूर्ण योजनाहरु तथा पूर्व निर्माण भएका पूर्वधारहरुको निर्माण र मर्मत सम्झनुपर्छ।

(प) "संकट उद्धार र संरक्षण अनुदान" भन्नाले वैकल्पिक उर्जा व्यस्थापन वाट न्युन अनुदान भई लघु जलविद्युत योजना सञ्चालन गर्न संकट अवस्थामा विद्युत उत्पादनलाई निरन्तरता दिन संकट उद्धार र संरक्षण अनुदान सम्झनुपर्छ।

(फ) "सूचिकृत" भन्नाले सानीभेरी गाउँपालिका सरकारको निर्देशन, नियन्त्रण र नियमन स्वीकार गरी अनुदान शर्तको लागि सूचिकृत सम्झनुपर्छ।

**३. शिक्षा तर्फको विद्यालय अनुदान सम्बन्धी व्यवस्थाः**

१) गाउँपालिकाले विद्यालयलाई अनुदान दिन गाउँ सभाबाट पारित गरी बिनियोजन ऐनमा उल्लेख भए बमोजिम अनुदान रकम दिन सक्नेछ।

२) अनुदान निम्नलिखित शिर्षकमा उपलब्ध गराउन सकिनेछ।

(क) विद्यालय शिक्षक तथा कर्मचारी तलब भत्ता,

(ख) विद्यालय शिक्षण सिकाइ क्रियाकलाप संग सम्बन्धित हार्डवेयर तथा सफ्टवेयर खरीद तथा व्यवस्थापन,

(ग) शैक्षिक सामग्री निर्माण, खरीद तथा व्यवस्थापन,

(घ) वैकल्पिक उर्जा व्यवस्थापन,

(ङ) कक्षाकोठा ब्यस्थापन ,

(च) बालमैत्री वातावरणमा शिक्षण सिकाइ क्रियाकलाम सञ्चालन,

(छ) विद्यालय मर्मत तथा भवन निर्माण,

(ज) विद्यालय भवन निर्माण, शौचालय निर्माण, खेलमैदान तथा अन्य विद्यालय पुर्वाधारको आवश्यक प्रयोजनको लागि जग्गा खरिद गर्न अनुदान दिइनेछ।

(झ) आर्थिक अभावका कारण पछि परेका समुदाय, वर्ग, जातिका बालवालिकाहरु अध्यापनमा वञ्चित भएको देखिएमा अनिवार्य विद्यालय हाजिर गराई शैक्षिक गुणस्तरको लागि शैक्षिक सामाग्री तथा पोशाक उपलब्ध गराउन अनुदान दिइनेछ।



नरबहादुर पुन
अध्यक्ष

सानीभेरी गाउँपालिका

(ञ) गाउँ कार्यपालिकाले उचित ठहर्याएको अन्य क्षेत्र तथा विषयहरुमा अनुदान दिइनेछ।

३) अनुदान प्राप्त गर्नका लागि यस कार्यविधिको अधिनमा रही विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित विद्यालयले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन दिनुपर्नेछ।

४) निवेदन प्राप्त भएपछि उक्त निवेदनहरुलाई शिक्षा, युवा तथा खेलकुद शाखाले गाउँ कार्यपालिकामा पेश गर्ने।

५) गाउँ कार्यपालिकाको निर्णय वा शिक्षा समितिको निर्णय अनुसार अनुदान रकम विद्यालयको खातामा उपलब्ध गराइनेछ।

६) विद्यालय व्यवस्थापन समितिले आवश्यक र उचित निर्णय गरि अनुदान रकम खर्च गर्नेछ।

७) विद्यालयले अनुदान रकम उचित रुपमा खर्च गरे नगरेको सम्बन्धमा गाउँपालिकाबाट अनुगमन गरिनेछ।

८) अनुदान भुक्तानी सम्बन्धी ब्यवस्थाः

(क) काम सम्पन्न भई रकम भुक्तानी गरी पाउँ भन्ने ब्यहोराको निवेदन,

(ख) विद्यालय व्यवस्थापन समितिको निर्णय,

(ग) सामाजिक लेखापरिक्षण,

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ङ) नयाँ पूर्वाधार निर्माणको लागि प्राविधिक स्टिमेट उपलब्ध गराउनुपर्नेछ। अन्य काम सम्पन्न भएकोमा कार्यपालिकाले निर्णय गरेअनुसार अनुदान रकमको नियमानुसार खर्च गरेको आवश्यक कागजातहरु गाउँपालिकाको आर्थिक प्रशासन इकाइमा पेश गरेअनुसार एकमुष्ट भुक्तानी दिइनेछ।

**४. स्वास्थ्य तर्फको अनुदान सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरुलाई अनुदान उपलब्ध गराउन सकिनेछ।

(२) अनुदान प्राप्त गर्नका लागि यस कार्यविधिको अधिनमा रही स्वास्थ्य व्यवस्थापन समितिको निर्णय र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित गाउँपालिकामा निवेदन दिनुपर्नेछ।

(२) जनसमुदायलाई स्वास्थ जिवनयापनका लागि स्वास्थ्य क्षेत्रमा प्रभावकारी सेवा दिन भौतिक पूर्वाधारको व्यवस्था, स्वास्थ्य भवन निर्माण तथा मर्मत, पर्याप्त औषधी उपकरण जन्य सामग्रीको उपलब्ध गर्नको लागि आवश्यकता अनुसार अनुदान दिइने छ।



नरबहादुर पुन
अध्यक्ष

(२) विभिन्न महामारी जन्य रोगहरु फैलिएमा नियन्त्रणका लागि जनसमुदायमा जनचेतना मूलक कार्यक्रम तथा स्वास्थ्य शिविर संचालन गरी उपचार, निदान र प्रेषण गर्न अनुदान दिइनेछ।

(३) अति विपन्न परिवारलाई निःशुल्क स्वास्थ्य विमा गर्न गाउँपालिका बाट आबश्यक बजेट विनियोजन गरी स्वास्थ्य सेवा निःशुल्क र सर्वसुलभ गरी सवै नागरिकको पहुँचमा पुर्याउनको लागि अनुदान दिइने छ।

(४) गाउँ कार्यपालिकाले निर्णय गरी आबश्यक र उचित ठहर्याएमा अन्य क्षेत्र तथा बिषयहरु अनुदान दिइनेछ।

(५) अनुदान भुक्तानी सम्बन्धी ब्यवस्थाः

(क) भुक्तानि पाउँ भन्ने ब्यहोराको निवेदन

(ख) काम सम्पन्न भएको स्वास्थ्य समितिको निर्णय

(ग) नयाँ निर्माणको हकमा प्राविधिक स्टिमेट,

(घ) सार्वजनिक लेखा परिक्षण,

(ङ) अनुगमन प्रतिवेदन

(च) सम्बन्धित वडा कार्यलयको भुक्तानी गरीदिने व्यहोराको सिफारिस उल्लेखित कागजात उपलब्ध गराएमा गाउँपालिकाले भुक्तानी दिनेछ।

**५.विद्युत अनुदान सम्बन्धी ब्यवस्थाः**

(१) नेपाल सरकार वैकल्पिक उर्जा व्यस्थापन केन्द्र वाट न्युन अनुदान भई लघु जलविद्युत योजना ऋणमा परी संचालन हुन नसकेको अवस्थामा विद्युत उत्पादनलाई निरन्तरता दिने उद्देश्यले विद्युत उत्पादन संचालन खर्चमा अनुदान दिइने छ।

(२) गाउँपालिकाको गाउँसभाबाट बिनियोजित उर्जा तर्फको बजेट अन्तर्गतको रकमबाट एकमुष्ट अनुदान दिइनेछ। यस्तो अनुदान लघु जलविद्युत उपभोक्ता समिति, जलविद्युत संस्था, जलविद्युत योजना, सार्वजनिक क्षेत्र, सामुदायिक क्षेत्र तथा साझेदारी क्षेत्रबाट गाउँपालिका संग समन्वय गरी सञ्चालित जलविद्युत योजनाहरु विद्युत आपूर्ति गरीरहेका सस्थाहरुलाई अनुदान दिइनेछ।



नरबहादुर पुन
अध्यक्ष

(३) उपदफा (२)बमोजिमका लघु जलविद्युतलाई सानीभेरी गाउँपालिकाको गाउँसभाबाट बिनियोजित भई पारित भएको बजेटलाई माग र कार्यप्रकृतिको अवस्था हेरी शर्त वमोजिम एकमुष्ट अनुदान प्रदान गर्दा गरिनेछ।

(४) अनुदान भुक्तानी सम्बन्धी व्यवस्थाः

(१) दफा ३ बमोजिम अनुदान प्राप्त गर्न सानीभेरी गाउँपालिका भित्रका लघु जलविद्युत संस्था, लघु जलविद्युत योजना, लघु जलविद्युत उपभोक्ता समितिहरुले देहाय बमोजिमका विबरण खुलाई सानीभेरी गाउँपालिकामा निवेदन दिनुपर्नेछः-

(क) लघु जलविद्युत संस्था, लघु जलविद्युत योजना, तथा लघु लघुजलविद्युत उपभोक्ता समितिको भुक्तानी गरी गाउँ भन्ने व्यहोराको निवेदन,

(ख) लघु जलविद्युत संस्था, लघु जलविद्युत योजना, तथा लघु जलविद्युत उपभोक्ता समितिको लागत अनुदान सहितको काम सम्मन्न भएको समितिको निर्णय,

(ग) उक्त योजनाको दर्ता, नविकरण प्रमाणपत्र,

(घ) गत आ. व. को कर चुक्ताको प्रमाणपत्र,

(ङ) लेखापरिक्षण प्रतिवेदन,

(च) सस्थाको साधारण सभाको निर्णय,

(छ) नयाँ निर्माण गर्दाको अवस्थामा स्वीकृत लागत स्टिमेट गाउँपालिका वा बैकल्पिक उर्जा प्रवद्र्घन केन्द्र वा सो को अख्तियार प्राप्त कर्मचारीको प्राविधिक स्टिमेट,

(ज) सम्बन्धित वडा कार्यालयको सिफारिस।

(झ) गाउँपालिकामा सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी । उक्त कागजातहरु संलग्न गराएमा भुक्तानी दिइने छ।

**६. खानेपानी अनुदान सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिका क्षेत्रभित्र खानेपानीलाई सफा, स्वच्छ, एक घर एक धाराको व्यवस्था गरि पर्याप्त मात्रामा पानीको स्रोत उपलब्ध गराउन अनुदानको व्यसस्था गरिने छ।

(२) गाउँपालिका भित्रका खानेपानी योजना संचालन, मुहान संरक्षण, ट्याङ्की निर्माण, धारा निर्माण, पाइप लाइन विस्तार, तथा मर्मत संभारमा गर्न गाउँपालिकाले गाउँ सभाबाट खानेपानी तर्फ अनुदान शिर्षकमा विनियोजित गरी अनुदान दिनेछ।

(३) अनुदानको व्यवस्थाः



नरबहादुर पुन
अध्यक्ष

सानीभेरी गाउँपालिका

(क) उपदफा १ र २ शिर्षकहरु मा अनुदान रकम दिंदा पहिलो प्राथमिकता दैवि प्रकोप द्वारा क्षति भई खानेपानी अवरुद्व हुदा समस्या ग्रस्त समुदायमा हुनेछ। दोस्रो प्राथमिकता पछि परेका समुदायलाई हुनेछ भने तेस्रो प्राथमिकता गाउँ कार्यपालिकाले उचित समस्या ठहर गरी निर्णय गरेका क्षेत्रहरुमा अनुदान दिइनेछ।

(ख) अनुदान प्राप्त गर्नका लागि यस कार्यविधिको अधिनमा रही खानेपानी निर्माण समितिको निर्णय, सम्बन्धित वडा कार्यालयको सिफारिस, लेखापरिक्षण प्रतिवेदन, अनुगमण प्रतिवेदन तथा प्राविधिक स्टिमेट तथा अन्य आवश्यक कागजात संलग्न गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ।

**७. सरसफाइ अनुदान सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिका क्षेत्रभित्र पूर्ण सरसफाई गरी स्वच्छ वातावरण बनाउनको लागि अनुदानको व्यवस्था गरिनेछ।

(२) सरसफाईको लागि गाउँपालिका क्षेत्र भित्र ठोस,तरल, फोहर संकलन केन्द्र, चर्पी निर्माण, सेफ्टी ट्याङ्की निर्माण, सार्वजनिक चर्पी निर्माण, मानव मलमूत्रको विसर्जन केन्द्र, ढल निकास, फोहर संकलन औजार खरिद, सुरक्षित पानीको पहुँच, साबुन पानीले हात धुने व्यवस्थापन, पानी शुद्धीकरणका लागि आवश्यक सामग्री खरिद, सरसफाइ सम्बन्धी पानी, खाना तथा स्वछता सम्बन्धी जनचेतना मूलक कार्यक्रमहरुमा अनुदान दिइने छ।

(३) अनुदान रकम प्राप्त गर्न सरसफाई समिति तथा निर्माण समितिको निर्णय, सम्बन्धित वडा कार्यालयको सिफारिस, अनुगमन प्रतिवेदन, सार्वजनिक लेखापरिक्षण, नयाँ निर्माण गर्दा प्राविधिक स्टिमेट उपलब्ध गराएमा  गाउँपालिकाले अनुदान दिनेछ।

**८. सिचाई अनुदान सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिका भित्र कृषि क्षेत्रमा ब्यवसायीकरण गरी उत्पादनमा वृद्धि गर्न सिचाई पानीको ब्यबस्थाको लागि  अनुदान दिइनेछ।

(२) गाउँपालिका क्षेत्रमा सिचाई कुलो निर्माण योजना संचालन, सिचाई पाइप खरिद, सिचाइ ट्याङ्की निर्माण, सिचाई पोखरी, प्लास्टिक पोखरी, सिचाई कुला मर्मत तथा निर्माण कार्यहरुमा अनुदान दिइने छ।

(३) भुक्तानि सम्बन्धी व्यवस्थाः

(क) निर्माण कर्ताको रकम भुक्तानि गरी पाउँ भन्ने व्यहोराको निवेदन

(ख) निर्माण समितिको बैठकको निर्णय



नरबहादुर पुन
अध्यक्ष

(ग) सम्बन्धित वडा कार्यालयको सिफारिस

(घ) प्राविधिक स्टिमेट

(ङ) अनुगमन प्रतिवेदन

(च) सामाजिक लेखापरिक्षण

**९. कृषि अनुदान सम्बन्धी व्यवस्थाः**

(१) सानीभेरी गाउँपालिका क्षेत्र भित्र कृषि ब्यवसायलाई उत्पादनमा बिकास गर्न कृषिलाई यान्त्रिकरण मार्फत आधुनिकरण गरी ब्यसायिक एवम् प्रतिस्प्रधात्मक गराई स्वरोजगार बनाउन अनुदान दिइनेछ।

(२) कृषि सहकारी, कृषि समुह, कृषि उद्यमी, मौरी पालन, व्यवसायिक च्याउ, व्यवसायिक तरकारी,ब्यवसायिक फलफुल,नर्सरी ब्यवस्थापन,फलफूल तथा तरकारी विशेष रोग निधान कार्यक्रम, उन्नत विउ तथा वेर्ना खरिद तथा वितरण कार्यक्रम, क्षमता अभिबृद्धि कार्यक्रम, आधुनिक कृषि यान्त्रिकीकरण, मिनि पावर टिलर खरिद, थ्रेसर मकै छोडपाउने मेसिन खरिद, कृषि उत्पादन केन्द्र तथा हाट बजार संकलन केन्द्र स्थापना तथा कृषकहरुको माग र आवश्यकताको आधारमा औजार उपकरण अनुदान दिई प्रोत्साहन गर्नका लागि अनुदान दिइनेछ।

(३) अनुदान भुक्तानि सम्बन्धी संलग्न कागजाहरुः

(क) दर्ता प्रपाण-पत्र

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस

(ग) समूह भए बैठकको निर्णय

(घ) सम्बन्धित शाखाको सिफारिस

(ङ) अनुगमन प्रतिवेदन

उल्लेखित कागजातहरु संलग्न गराएमा गाउँपालिकाले भुक्तानि दिनेछ।

**१०. पशुपंक्षी अनुदान सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकाले पशुपन्छी व्यवसायलाई उत्पादनमा बृद्वि गरी कृषकहरुलाई व्यवसायिक प्रणालीमा आवद्ध गराई स्वरोजगार बनाउन अनुदान दिनेछ।



नरबहादुर पुन
अध्यक्ष

(२) गोठ खोर निर्माण तथा गोठ सुधार, पशुपालन, कुखुरापालन, दुग्ध उत्पादन, संकलन केन्द्र तथा प्रशोधन, मासु उत्पादन, पशुपंक्षी पालन, मत्स्य पालन, पशु हाटबजार, प्रापइभेट कृतिम गर्भधान, घाँसवाली उत्पादन, ढुवानी अनुदान, कृषकहरुको माग र आबश्यकताको आधारमा दुग्ध उत्पादन जन्य औजार उपकरण अनुदान दिइनेछ।

(३) अनुदान भुक्तानी गर्दा संग्लग्न कागजातहरुः

(क) भुक्तानी गर्ने सम्बन्धको निवेदन

(ख) दर्ता प्रमाण-पत्र

(ग) समुह भए बैठकको निर्णय

(घ) ब्यक्ति भए नागरिकताको प्रतिलिपि

(ङ) सम्बन्धित वडा कार्यलयको सिफारिस

(च) सम्बन्धित शाखाको सिफारिस

उल्लेखित कागजातहरु संलग्न गरेमा गाउँपालिकाले भुक्तानि दिनेछ।

**११. मठमन्दिर अनुदान सम्बन्धी व्यवस्थाः**

(१) सानीभेरी गाउँपालिका क्षेत्रभित्र रहेका मन्दिर, पूजापाठ गर्ने स्थल, परम्परादेखि चल्दै आएका धार्मिक कार्यक्रम निर्माण तथा ब्यवस्थापन गर्न अनुदान दिइनेछ।

(२) अनुदान भुक्तानि सम्बन्धीः

(क) निर्माण कर्ताको भुक्तानी गरी पाउँ भन्ने ब्यहोराको निवेदन

(ख) बैठकको निर्णय

(ग) सम्बन्धित वडा कार्यालयको सिफारिस

(घ) अनुगमन प्रतिवेदन

(ङ) प्राविधिक स्टिमेट

(घ) सामाजिक लेखापरिक्षण आदि।

**१२. पर्यटन अनुदान सम्बन्धी व्यवस्थाः**

(१) सानीभेरी गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको विकास गरी आयाआर्जन तथा आमदानीको स्रोत बढाउनाको लागि अनुदान दिइनेछ।



नरबहादुर पुन
अध्यक्ष

(२) गाउँपालिका क्षेत्रभित्रका भेरीदह, सानीभेरी, दुईभेरी, सारदुला, दहनेटा, धारेपानी मुहान, त्रिशुल गाडे लेक, थाम (थाम तालिम केन्द्र), गुरिल्ला ट्रेल, अधियाचौर दह, पोखरी लेक, मौराखारा, रिम्ना धार्मिक स्थल, मालिका कालिका धार्मिक तथा पर्यटकीय स्थल, जंगलगाउँ होमस्टे गाउँ, मझाउ झरणा (अर्मा), सानीभेरी नौका विहार (रयाफ्टिङ), छोटेबगर यूद्वसंग्रालय तथा गाउँपालिका भित्रका अन्य पर्यटकीय स्थलहरुलाई ब्यबस्थित गरी पर्यटक आगमनमा बृद्वि गर्न गाउँकार्यपालिकाले उचित ठहर्याएमा अनुदान दिनेछ।

(३)भुक्तानी सम्बन्धी  व्यवस्थाः

(क) निर्माण समितिको भुक्तानी गरी पाउँ भन्ने ब्यहोराको निवेदन

(ख) समितिको बैठकको निर्णय

(ग) सम्बन्धित वडा कार्यालयको सिफारिस

(घ) प्राविधिक स्टिमेट

(ङ) अनुगमन प्रतिवेदन

(च) सामाजिक लेखापरिक्षण

**१३. सामुदायिक वन अनुदान सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिका क्षेत्रभित्रका वन लाई दर्ता गर्ने, वृक्षारोपन, वनसंरक्षण, घेराबार, सरसफाई गरी दिगो व्यवस्थापन गर्न अनुदान दिइनेछ।

(२) अनुदान भुक्तानी सम्बन्धी व्यवस्थाः

(क) निर्माण समितिको भुक्तानि गरीपाउँ भन्ने ब्यहोराको निवेदन

(ख) सम्बन्धित वडाकार्यालयको निवेदन

(ग) सामाजिक लेखापरिक्षण

**१४.जात्रा मेला चाडपर्व अनुदान सम्बन्धी व्यवस्थाः**



नरबहादुर पुन
अध्यक्ष

(१) गाउँपालिका क्षेत्रभित्र परम्परागत रुपमा लाग्दै आएका मेला, चाडपर्व तथा पुराना सँस्कृतिलाई बचाइ राख्नको लागि गाउँकार्यपालिकाले उचित ठहर्याएमा अनुदान दिन सक्नेछ।

(२) विभिन्न मेलापर्व तथा पुराना, नयाँ साँस्कृतिक कार्यक्रम संचालन गर्न सम्बन्धित वडाका क्लब, संस्था तथा आयोजक समितद्वारा गरिनेछ।

(३) भुक्तानी लिने सम्बन्धी व्यवस्था

(क) कार्यक्रम आयोजक समितिको रकम भुक्तानी गरीपाउँ भन्ने व्यहोराको निवेदन।

(ख) आयोजक समितिको निर्णय।

(ग) सम्बन्धित वडा कार्यालयको सिफारिस।

(घ) अनुगमन प्रतिवेदन।

**१५. यूवा तथा खेलकुद अनुदान सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिका क्षेत्र भित्र गाउँपालिका स्तरीय वा वडा स्तरीय विभिन्न खेलकुद आयोजना वा खेलकूद तथा यूवा विकास सम्बन्धी कार्यक्रम संचालन गरी खेलकुद तथा यूवा सिप विकास गर्न अनुदान दिइनेछ।

(२) भुक्तानि सम्बन्धित ब्यवस्थाः

(क) आयोजक समितिको भुक्तानी पाउँ भन्ने ब्यहोराको निवेदन।

(ख) आयोजक समितिको निर्णय

(ग) सम्बन्धित वडा कार्यालयको सिफारिस।

(घ) अनुगमन प्रतिवेदन।

**१६. कला, सँस्कृति तथा बाध्यबादनका सामाग्री अनुदान सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिका क्षेत्र भित्र परम्परागत मनोरञ्जन सम्बन्धी विभिन्न कलासंस्कृति नाचगान कार्यक्रम तथा नाचगान सम्न्धी आबश्यक पर्ने बाध्यबादनका सामाग्री खरिद गर्न कार्यपालिकाले उचित ठहर्याएको खण्डमा अनुदान दिइनेछ।

(२) अनुदान सम्बन्धी ब्यवस्थाः

(क) सम्बन्धित आयोजकको भुक्तानि पाउँ भन्ने ब्यहोराको निवेदन।



नरबहादुर पुन
अध्यक्ष

(ख) आयोजक समितिको निर्णय।

(ग) सम्बन्धित वडा कार्यालयको सिफारिस।

(ङ) अनुगमन प्रतिवेदान।

**१७. सहकारीलाई प्रदान गरिने अनुदान सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिका भित्र सञ्चालित सहकारी संस्थालाई संस्थाले पेश गरेको प्रस्तावका आधारमा अनुदान प्रदान गर्न सकिनेछ।

(२)अनुदान रकम संस्थाको निर्णयानुसार खर्च हुनेछ

(३) अनुदान प्राप्त गर्ने सहकारी संस्था बहुउद्देश्यीय हुनुपर्नेछ।

**१८. उद्योग सञ्चालनका लागि अनुदानः**

(१)गाउँपालिकाले उद्योग सञ्चालन, व्यवस्थापन, स्तरोन्नति र विकासका लागि सहकारी, संगठित संस्था तथा अन्य कुनै कानून बमोजिम स्थापित समूह वा संस्थालाई अनुदान प्रदान गर्न सक्नेछ।

(२)अनुदान प्रस्तावका आधारमा उपलव्ध गराइनेछ।

**१९. सञ्चार क्षेत्रका लागि अनुदानः**

(१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र कानून बमोजिम सञ्चालित एफ.एम., पत्रपत्रिका लगायत अन्य सञ्चार क्षेत्रका लागि अनुदान प्रदान गर्न सक्नेछ।

(२)अनुदान प्रस्ताबका आधारमा उपलव्ध गराइनेछ।

**२०. अनुदान कार्यान्वयन प्रक्रियाः**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिका द्वारा प्रदान गर्ने अनुदानको कार्यान्वयन प्रक्रिया देहायबमोजिम हुनेछ।

क.अनुदान सम्बन्धी बजेटको व्यवस्था विनियोजनमा ऐनमा भएको हुनुपर्ने,

ख.गाउँ कार्यपालिकाले गरेको अनुदान दिने सम्बन्धी निर्णय,

ग.अनुदान प्राप्त गर्नेले प्रस्ताब पेश गर्नुपर्ने,

घ.गाउँ कार्यपालिकाद्वारा प्रस्ताव स्वीकृत भई प्रस्तावका आधारमा अनुदान दिने निर्णय हुनुपर्ने,



नरबहादुर पुन
अध्यक्ष

ङ.गाउँ कार्यपालिकाबाट अनुदान दिने निर्णय भएपश्चात सम्झौता हुनुपर्ने,

च.गाउँ कार्यपालिकाको निर्णयका आधारमा अनुदान रकम उपलव्ध गराइने।

(२)उपदफा (१) बमोजिम प्राप्त अनुदान रकम अनुदान प्राप्त गर्ने पक्षले प्रचलित कानून बमोजिम खर्च गर्नुपर्नेछ।

(३)गाउँपालिका द्वारा उपलव्ध गराइएको अनुदान रकम प्रचलित कानून बमोजिम खर्च गरी त्यसको सार्वजनिक सुनुवाई तथा जन लेखा परीक्षण गर्नुपर्नेछ।

(३)अनुदान प्राप्त गर्ने पक्षले लेखा परीक्षण गराई लेखा परीक्षण प्रतिवेदन र अन्य आवश्यक कागजातहरु तोकिएको समयमा गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(४)प्राप्त अनुदान रकमलाई सार्वजनिक खरीद ऐन, नियमावली र अन्य प्रचलित कानून बमोजिम खर्च गर्नु अनुदान प्राप्त गर्ने संस्थाको दायित्व हुनेछ।

**२१. अनुगमन तथा मूल्याङ्कनः** सम्झौता अनुसारको कार्य भए नभएको सम्बन्धमा जानकारी लिन गाउँपालिकाले निरीक्षण वा अनुगमन गर्नेछ। यसरी निरीक्षण, अनुगमन तथा मूल्याङ्कन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

**२२. अमान्य हुनेः** यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरू स्थानीय सरकार सञ्चालन ऐन २०७४, सँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**२३. बचाउः** यो कार्यविधि जारी हुनुभन्दा पहिले भए गरेका तथा प्रदान गरिएका आर्थिक अनुदान यसै कार्यविधि बमोजिम प्रदान गरेको मानिनेछ।



नरबहादुर पुन
अध्यक्ष